नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आषाढ/श्रावण २०७५ (July 2018) वर्ष २२/अङ्क २५६

## जिब्रो अनि जीवनद्वारा साक्षी

- एल्डर सिमोन पाठक

येशूले उहाँमाथि विश्वास गर्नेहरूलाई पृथ्वीमा नून र ज्योति हुनलाई बोलाउनुभएको छ । नून र ज्योतिको जीवन जिउनेहरूले कहिल्यै पनि अरूको धर्मलाई खसाल्दैनन् । अरूले पूजिआएका देवी देवतालाई तथानाम बोल्ने, नराम्रा शब्दहरूद्वारा गाली गर्ने, शैतान भन्ने गर्दैनन्  र नेपालको कानूनले पनि यो गर्न दिँदैन । कुनै पनि धर्म वा आस्थाका मानिसहरूले अर्को धर्म मान्नेहरूलाई खसालेर बोल्ने वा नराम्रो व्यवहार गरेको पाइएमा नेपालको कानूनले त्यस्ताहरूलाई जेल हाल्नेसम्मको सजाय तोकेको छ । यदि तपाईंले सुसमाचार वा साक्षी दिने समयमा अरूको देवी देवताको नाउँ लिएर उसको आस्थालाई खसाल्ने बानी लागेको छ भने त्यो कुरालाई आजैदेखि बन्द गर्नुहोस् । येशूले उहाँका चेलाहरूलाई त्यसरी सुसमाचार सुनाउनलाई सिकाउनुभएको थिएन । येशूले उहाँलाई पछ्याउनेहरूलाई पृथ्वीमा नून जस्तै स्वाद दिन र ज्योति जस्तै उज्यालो बन्नलाई आज्ञा दिनुभएको छ (मत्ती ५:१३-१६) ।

**समाज र राष्ट्रमा नून र ज्योति हुनेहरूले के गर्छन् ?** धर्मशास्त्रमा भएको सत्यतालाई जीवन र जिब्रोद्वारा प्रकट गर्छन् । बाइबल धर्मशास्त्रमा परमेश्वर, मानिस, पाप, मृत्यु, अनन्त जीवन आदिको विषयमा जे सत्यता प्रकट गरिएको छ ती सत्यताहरूलाई प्रकट गर्नु नै जिब्रोद्वारा दिने साक्षी हो । जिब्रोद्वारा साक्षी दिँदा बताउनु पर्ने महत्वपूर्ण कुराहरू यसप्रकार छन्:

**सृष्टिको सुरुमा परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभएको थियो (उत्पत्ति १:२६) ।** मानिस परमेश्वरको आफ्नै स्वरूपमा बनाइएको कारण सृष्टिको सुरुमा मानिसको परमेश्वरसँग सम्बन्ध थियो । तर सृष्टिको पहिलो मानिस आदम र हव्वाले परमेश्वरले नखानु भन्नुभएको रूखको फल टिपेर खाएको कारण संसारमा पापको प्रवेश भयो (उत्पत्ति ३:६-८) ।

**पापको परिणाम मानिस परमेश्वरबाट अलग भयो (रोमी ३:२३):** मानिस र परमेश्वरको बीचमा पापको खाडल तयार भयो । सबै मानिस पापको कारण परमेश्वरको उपस्थितिबाट बाहिरिनुपर्‍यो (उत्पत्ति ३:२३-२४) ।

**पाप के हो ?** चोर्नु, ढाँट्नु, मानिसको हत्या गर्नु, व्यभिचार गर्नु, अनैतिक कामहरू गर्नु सबै पापको श्रेणीभित्र पर्दछ । तर सृष्टिकर्ता परमेश्वरले राख्नुभएको निशानाबाट चुक्नु नै सबैभन्दा ठूलो पाप हो । परमेश्वर पवित्र हुनुहुन्छ तर सृष्टिको पहलो मानव आदम र हव्वाले परमेश्वरको आज्ञा उलङ्घन गरेपछि मानिसमा पाप आयो । पापले मानिसलाई परमेश्वरबाट टाढा गरायो । परमेश्वरलाई भेट्नको लागि एउटा मापदण्ड तोकिएको छ, त्योचाहिँ हो पवित्रता तर जन्मँदै मानिस पापस्वभावमा जन्मन्छ र पापको ज्याला मृत्यु हो (रोमी ६:२३) । स्वर्ग जानको लागि पापको ज्याला तिरिनुपर्दछ ।

**तर बाइबल धर्मशास्त्रमा लेखिएको छ:**

- धर्मकर्मद्वारा पापको ज्याला तिरिँदैन (यशैया ६४:६)
- पापको ज्याला तिर्न रगत चाहिन्छ (हिब्रू ९:२२)
- पशुपंक्षीको रगतले पापको ज्याला तिर्न असम्भव छ (हिब्रू १०:४)
- मानिसको पापको ज्याला तिर्न मानिसकै पवित्र रगत चाहिन्छ । जसरी एउटा रोगीलाई अर्को निरोगीको रगतले बचाउँछ, त्यसरी नै पापी मानिसलाई पापरहित मानिसको रगतले पापबाट बचाउँछ अनि अनन्त जीवन दिन्छ ।

तर संसारमा पापरहित मानिस कोही पनि छैन (रोमी ३:२३) । त्यसकारण परमेश्वरले येशू ख्रीष्टलाई मानिस बनाएर पृथ्वीमा पठाउनुभयो (यूहन्ना ३:१६) । येशू पवित्र आत्माद्वारा कन्या मरियमको कोखमा गर्भधारण हुनुभयो (लूका १:३४-३५) । येशू मरियमको कोखबाट जन्मनुभयो । तीस वर्षको उमेरमा उहाँले स्वर्गको राज्यको विषयमा शिक्षा दिन सुरु गर्नुभयो (लूका ४:१८-१९) । उहाँले दिनुभएको शिक्षा र आश्चर्यकामहरू देखेर धेरै मानिसहरूले उहाँलाई पछ्याउन थाले । यो देखेर यहूदी धर्मगुरुहरू उहाँप्रति क्रोधित भए । उहाँलाई उनीहरूले मार्ने षड्यन्त्र गर्न थाले । साढे तेत्तिस वर्षको उमेरमा उहाँलाई क्रूसमा टाँगे । उहाँको शिरदेखि पाउसम्म रगतका धाराहरू बग्यो जुनचाहिँ पापी मानिसको पाप धुनका लागि बगाइनु नै पर्ने थियो ।

उहाँ क्रूसमा मारिनुभयो । यहूदी चलनअनुसार ढुंगाको ओढारमा खोपेर बनाइएको चिहानमा गाडिनुभयो र तेस्रो दिनमा मृत्युबाट जीवित हुनुभयो । अनि आफ्ना चेलाहरूकहाँ पटक-पटक देखा पर्नुभयो र पछिबाट धेरै मानिसहरूकहाँ देखा पर्नुभयो । मृत्युबाट जीवित हुनुभएको चालीस दिनपछि पाँच सयभन्दा बढी मानिसहरूलाई शिक्षा दिँदा दिँदै फेरि स्वर्गमा नै चढिजानुभयो । अब संसारमा जतिले उहाँमाथि विश्वास गर्छन् तिनीहरू पनि येशूद्वारा स्वर्गमा जान सक्छन् । येशूमाथि विश्वास गर्नु धर्म परिवर्तन गर्नु होइन तर आमाको गर्भमा रच्नुहुने जीवित परमेश्वरको प्रेमलाई चाख्नु हो (यूहन्ना ३:१६), परमेश्वरको सन्तान हुनु हो (यूहन्ना १:१२), स्वर्गमा भएको जीवनको पुस्तकमा नाउँ लेखिनु हो (लूका १:२०), जीवन छँदै स्वर्ग जाने बाटो भेट्टाउनु हो र मृत्युपछि अनन्त जीवन पाउनु हो (यूहन्ना ३:१५) ।

यदि कुनै पनि व्यक्तिले माथि बताइएका सत्यतालाई आफ्नो बनाउन चाहन्छ भने उसले आफ्नो मुखका शब्दहरूद्वारा प्रभु येशूलाई स्वीकार गरी हृदयमा विश्वास गर्नुपर्छ, तब मात्र त्यो व्यक्ति परमेश्वरको सन्तान हुन्छ (यूहन्ना १:१२, रोमी १०:९, १०) । परमेश्वरको सन्तान भएकाहरू मृत्युपछि परमेश्वरको घर स्वर्गमा अनन्तसम्मको लागि बास गर्छन् । पापबाट बचाइनको लागि मुखका शब्दहरूद्वारा स्वीकार गर्नुपर्ने शब्दहरू यसप्रकार छन्:

"प्रभु येशू मैले जानी नजानी गरेका सबै पापहरूको म क्षमा माग्छु । मैले गरेका सबै अधर्मको म पश्चात्ताप गर्दछु । तपाईंले क्रूसमा बगाउनुभएको पवित्र रगतले मेरा सबै पाप अधर्महरूलाई धोइ पखाली शुद्ध गरिदिनुहोस् । तपाईं मेरो हृदयमा आउनुहोस् र मेरो जीवनको प्रभु र मालिक भएर सधैँ बास गर्नुहोस् । मलाई तपाईंको इच्छाअनुसार जीवन जिउनलाई सहायता गर्नुहोस् । मेरो बिन्तीलाई सुनिदिनुहोस् । प्रभु येशू ख्रीष्टको नाउँमा, आमेन् ।"

यी शब्दहरूलाई आफ्नो मुखले स्वीकार गर्ने व्यक्ति परमेश्वरको सन्तान हुन्छ (यूहन्ना १:१२) । मानिस परमेश्वरको सन्तान भइसकेपछि समाज र राष्ट्रमा नून र ज्योतिजस्तै बनेर साक्षीको जीवन जिउन थाल्छ ।

**सुसमाचार सुनाउने अर्को तरिका हो आफ्नै जीवनको साक्षीद्वारा:** पहिलो शताब्दीको मण्डलीले आफ्नो जीवनको साक्षीद्वारा मानिसहरूलाई सुसमाचार दिएका थिए । उनीहरूले साहससँग साक्षी दिएका थिए (प्रेरित ४:१९, २०) । साक्षी भनेकै देखेको र सुनेको कुरा भन्नु हो । चेलाहरूले येशूको जीवनमा देखेका र उहाँबाट सुनेका कुराहरू मानिसहरूलाई बताएका थिए ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **आषाढ ३०** July 14 | पाष्टर सामुएल कार्थक | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर घन श्याम दाहाल | एल्डर रूबेन श्रेष्ठ | श्री मिलन प्रधान | डीकन पुरुषोत्तम न्यौपाने |
| **श्रावण ५** July 21 | श्री लेखनाथ पौडेल | श्री एलिजर तामाङ्ग | एल्डर अर्जुन ढकाल | एल्डर सीता गुरुङ्ग | एल्डर घन श्याम दाहाल | श्री सामुएल बुढाथोकी | पाष्टर दफ्तन सादा |
| **श्रावण १२** July 28 | श्री बिष्णु देउला | एल्डर सामुएल क्षेत्री | एल्डर सुरेश पुर्कोटी | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | श्री स्टिफन राई | संयुक्त सेवा ललितपुर चर्च |
| **श्रावण १९** August 4 | एल्डर सिमोन पाठक पाष्टर रोबर्ट कार्थक | एल्डर मान बहादुर मगर | डीकन सिद्धि खालिङ | पाष्टर दफ्तन सादा | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

**उनीहरूले साक्षी दिँदा स्वत: स्फूर्तरूपमा साक्षी दिएका थिए (प्रेरित ११:१९-२१)** । मण्डलीमा सतावट सुरु भयो । सुसमाचारको निम्ति योजना बनाउने, तालिम दिने, बजेट बनाउने, पैसा जम्मा गर्ने समयनै थिएन, सुसमाचारको पर्चा पनि थिएन, बाइबल पनि थिएन । उनीहरूले स्वत: स्फूर्तरूपमा आफ्नो जीवनको साक्षी मानिसहरूलाई दिए । **उनीहरूले जहाँ-जहाँ मौका पाए, त्यहाँ-त्यहाँ तिनीहरूले साक्षी दिएका थिए ।** उनीहरूले शब्दद्वारा दिएको साक्षीलाई प्रभुले चिन्ह र आश्चर्यकर्महरूद्वारा सुदृढ पार्नुभयो (मर्कूस १६:२०) । प्रभु येशूले नै चेलाहरूलाई भन्नुभएको थियो, "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८) ।

**आफ्नो जीवनद्वारा कसरी साक्षी दिने ?**

**साक्षीका चार कदमहरू छन्:**

**पहिलो कदम: प्रभु येशू ख्रीष्टलाई विश्‍वास गर्नु अघि तपाईंको जीवन कस्तो थियो सोबारेमा छोटकरीमा बताउनु होस्, जस्तै:** प्रभुलाई पाउनु अघि तपाईंको जीवनमा भएका हार, निराशा, असफलता, अशान्ति, रोगबिमार, दुःख, कष्ट, समस्या, पीडा, नराम्रा आनीबानी, सोचविचार जे थियो ती कुराहरू छोटकरीमा बताउनु हो । तपाईंहरूमध्ये कतिजना ख्रीष्टियन घरानामा जन्मनुभएको होला । ख्रीष्टियन घरानामा जन्मेको भए तापनि प्रभुलाई राम्रोसँग पछ्याउने निर्णय गर्नु अघि तपाईंको जीवन कस्तो थियो सो बताउनु हो ।

**दोस्रो कदम: तपाईंले प्रभु येशू ख्रीष्टको विषयमा कहिले र कसरी सुन्नुभयो सो विषयमा छोटकरीमा बताउनुहोस् जस्तै:** तपाईंलाई कुनै मानिसले बतायो, सुसमाचार पर्चा दियो, मण्डलीमा बोलायो, वचनको कुनै खण्डहरूबाट पढेर सुनायो, आफ्नो जीवनको गवाहीद्वारा बतायो, वा कसैको जीवन देखेर प्रभावित हुनुभयो, ती कुराहरू बताउनु हो ।

**तेस्रो कदम: तपाईंले प्रभु येशूलाई कसरी ग्रहण गर्नुभयो सो विषयमा छोटकरीमा बताउनुहोस् ।** प्रभु येशूलाई के भनेर ग्रहण गर्नुभयो ती कुराहरू बताउनु हो र कसरी ग्रहण गर्नुभयो, प्रार्थना गरेर, घुँडा टेकेर, मण्डलीमा गएर, पर्चामा लेखिएका प्रार्थनाका शब्दहरूलाई मुखका शब्दहरूद्वारा स्वीकार गरेर, ती कुराहरू बताउनु हो ।

**चौथो कदम: तपाईंले प्रभु येशूलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण गरिसकेपछि तपाईंको जीवनमा के कस्ता परिवर्तनहरू भए सो विषयमा बताउनुहोस् ।** प्रभुलाई पाउन अघि तपाईंको जीवनमा भएका निराश, हतास, समस्याहरू, अशान्ति, दु:ख, पीडा, रोगबिमार, नराम्रा आनीबानी, नराम्रा सोचविचार, कुलत, दुर्व्यसनी, मुक्तिको खोजी आदिमा के कस्ता परिवर्तनहरू भए सो विषयमा बताउनु हो ।

माथि बताइएका पहिलो, दोस्रो, तेस्रो र चौथो कदमहरूमा के के भन्ने सो विषयमा आफ्नो साक्षी लेखेर राख्नुभयो अनि अरूसँग बाँड्नुअघि घरमै अभ्यास गर्नुभयो भने मौका पाएको समयमा तपाईंलाई साक्षी बाँड्न सजिलो हुनेछ । तपाईंले जसलाई साक्षी बाँड्दै हुनुहुन्छ, उसको समय छ भने आधा घण्टाभन्दा बढी समय लगाएर पनि साक्षी बाँड्न सक्नुहुन्छ तर यदि त्यस व्यक्तिसँग समय छैन भने पाँच मिनेटमा पनि आफ्नो साक्षी बाँड्न सक्नुहुन्छ

येशूलाई पछ्याउनेहरू उहाँको साक्षी हुनका लागि बोलाइएकाहरू हुन् । प्रभु येशूको आज्ञा छ "तिमीहरूले सित्तैमा पायौं, सित्तै देओ" (मत्ती १०:८) । तर साक्षी दिनुपर्छ भन्दैमा जथाभावी साक्षी नबाँडौं । प्रभुसँग प्रार्थना गरौं र पवित्र आत्माले प्रेरणा दिनुभएअनुसार प्रभु येशूको महिमा हुने अवस्थामा मात्र येशूको नाउँमा पाइने मुक्ति र उद्धारको चर्चा गरौं र त्रिएक परमेश्‍वरलाई महिमा दिने काम जिब्रो र जीवनद्वारा सधैं गरौं ✎...

## जुलाई महिनाको कार्यक्रम

- असार २४ गते/जुलाई ८ तारिख आइतबार बिहान १०:०० बजे **नेइम परिषद्को बैठक** ज्ञानेश्‍वर मण्डलीमा ।
- श्रावण १ गते/जुलाई १७ तारिख मंगलबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

## बधाई

एसइइ (SEE) परीक्षामा उत्तीर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूको आउँदा दिनका सबै पढाइ, तालिम साथै उच्च शिक्षा हासिल गर्दै जानको लागि परमेश्‍वरबाटको आशिष्को प्रार्थना साथै मण्डली परिवारबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

## हार्दिक बधाई



आषाढ १७ गते/जुलाई १ तारिख आइतबार नेइम भैंसेपाटी चर्चका सदस्यहरू श्री **बिगिन चाम्लिङ्ग** र सुश्री **सृष्टा राई**को भैंसेपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **बिगिन र सृष्टा चाम्लिङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| आषाढ ३० July 14 | एल्डर जनकलाल श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानियल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर सिमोन खालिङ |
| श्रावण ५ July 21 | श्री आनन्द न्यौपाने | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर पिटर लिम्बू | एल्डर बि एन पण्डित |
| श्रावण १२ July 28 | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर प्रेम श्रेष्ठ | डीकन राज गुरूङ्ग | डीकन सुनिल मुनिकार | डीकन कृष्ण तामाङ्ग | डीकन लाक्पा लामा | एल्डर पिटर लिम्बू | पाष्टर बर्णबास श्रेष्ठ | श्री चन्द्र मोक्तान |
| श्रावण १९ August 4 | श्री भुवन देवकोटा | एल्डर गोपी राई | एल्डर दानियल सापकोटा | डीकनेस् रुष लामा | पाष्टर प्रेम श्रेष्ठ | डीकन मोहन श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोर बिर राई | संयुक्त सेवा धापासी चर्च |

## जानकारी

### संगति भवन अर्पण:

पाष्टर वीर बहादुर खवास, पाष्टर रोल्याण्ड रोंगोंग र अन्य अगुवाहरू साथै स्थानीय गोदावरी संगतिका सदस्यहरूको संयुक्त उपस्थितिमा जेष्ठ १२ गते/मे २६ तारिख शनिबारका दिन **नेइम गोदावरी संगतिको भवन अर्पण** गरियो।

### समर्पण:

- जेठ २६ गते/जुन ९ तारिख शनिबार ११ जना र आषाढ १६ गते/जुन ३० तारिख शनिबार ४ जना गरी जम्मा १५ जनाले **नेइम गोंगबूँ मण्डली**मा समर्पण गर्नुभयो।
- जेठ २६ गते/जुन ९ तारिख शनिबार **नेइम भैंसेपाटी मण्डलीमा** ३ जनाले समर्पण गर्नुभयो।
- आषाढ ९ गते/जुन २३ तारिख शनिबार **नेइम ज्ञानेश्वर मण्डलीमा** ७४ जनाले समर्पण गर्नुभयो।

### बाल अर्पण:

- जेठ २६ गते/जुन ९ तारिख शनिबार **नेइम सिर्जनानगर मण्डलीमा** ९ जना बालबालिकाको बाल अर्पण भयो।
- आषाढ १६ गते/जुन ३० तारिख शनिबार **नेइम ज्ञानेश्वर मण्डलीमा** ३३ जना बालबालिकाहरूको बाल अर्पण भयो।



नेइम गुरुजुधारा मण्डलीकी सदस्या श्रीमती शारदा केसी ७३ वर्षको उमेरमा जेष्ठ २७ गते/जुन १० तारिख आइतबार प्रभुमा सुत्नुभयो।



नेइम ललितपुर मण्डलीको सदस्य श्री पूर्ण राई ४५ वर्षको उमेरमा असार १ गते/जुन १५ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो।



नेइम जोरपाटी मण्डलीकी सदस्या श्रीमती लामु शेर्पा ८० वर्षको उमेरमा असार ६ गते/जुन २० तारिख बुधबार प्रभुमा सुत्नुभयो।

## विशेष प्रार्थना

१. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुका जनहरूको निम्ति प्रार्थना गरिदिऔं।

२. रेडियो, टेलिभिजन साथै विभिन्न माध्यमहरूद्वारा प्रसारण भैइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं।

३. नेइम मण्डलीहरू, नेइम अन्तर्गतका शाखा आबद्ध मण्डलीहरू साथै नेपालभरि रहेका मण्डलीहरूमा सेवकाइ गर्न अगुवाहरूको कमि नभएको होस्।

४. झरी वर्षाको समयमा प्राकृतिक प्रकोप, बाढी पहिरोको कारण आइपर्ने विपत्तिबाटको सुरक्षा साथै मौसम परिवर्तनको कारण देखिने सबै किसिमका रोगबिमारहरूको विरुद्धमा प्रार्थना गरिदिऔं।

५. नेपाली इसाई मण्डली साथै शाखा/आबद्ध मण्डलीहरू अझ आशिषित् भएर वृद्धि हुँदै जानको लागि प्रार्थना गरिदिऔं साथै सेवकाई गर्नुहने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं।

६. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु र मुक्तिदाता भनी विश्वास गर्न सकून्।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २४ 8<br>सबै विश्वासीहरू सबै परिस्थितिमा प्रभुमा स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं।<br>हिब्रू १२:१-३, याकूब १:२-४ | ३१ 15<br>सेवा संगतिहरूमा सुनेका, पढेका वचनमा आज्ञाकारी हुन सकौं।<br>१ शमूएल १५:२२-२३ | ६ 22<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून्।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १३ 29<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून्।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार**<br>Monday | २५ 9<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं।<br>रोमी १२:२, कलस्सी ३:१० | ३२ 16<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ७ 23<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना लागि पर्न सकौं।<br>प्रेरित ११:२१-२६, तीतस २:११-१४ | १४ 30<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं।<br>२ कोरिन्थी ९:६-७,११ |
| **मंगलबार**<br>Tuesday | २६ 10<br>प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>२ तिमोथी ३:११-१४ | १ श्रावण 17<br>आज हुने महिला उपवास प्रार्थना सभाहरूमा गरिने प्रार्थनाहरूद्वारा मण्डली, देशमा प्रशस्तै आशिष् आउन सकून्।<br>यशैया ५८:६-१३ | ८ 24<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं।<br>यहोशू १:२-९ | १५ 31<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून्।<br>गन्ती ६:२४-२६, रोमी १६:१-४ |
| **बुधबार**<br>Wednesday | २७ 11<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस्।<br>एफिसी ४:११-१६ | २ 18<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून्।<br>हितोपदेश ११:३०, तीतस ३:१-८ | ९ 25<br>नेपाल देशमा रहेका साना, ठूला, सम्पूर्ण मण्डलीहरू ख्रीष्टको असल साक्षीको जीवन र प्रभुलाई महिमा दिने जीवन जिउन सकून्।<br>एफिसी ५:१-२ | १६ August 1<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस्।<br>रोमी १४:१९ |
| **बिहीबार**<br>Thursday | २८ 12<br>मण्डलीका सबै बालबालिकाहरूको लागि आशिष् मागिदिऔं।<br>यशैया ६१:९ | ३ 19<br>उपवास प्रार्थनामा चढाइएको प्रार्थनाद्वारा सबै क्षेत्र अझ आशिषित् हुन सकून्।<br>मत्ती ७:७-११ | १० 26<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून्।<br>यूहन्ना ४:२३-२४, एफिसी ५:२० | १७ 2<br>सबै ख्रीष्टियन संघ संस्थाहरूको काममा र कर्मचारीहरूको लागि आशिष् मागिदिऔं।<br>प्रेरित २०:२४ |
| **शुक्रबार**<br>Friday | २९ 13<br>सबै अगुवा गुरुजनहरू र उहाँहरूको परिवारको निम्ति परमेश्वरबाटको सुरक्षा मागिदिऔं।<br>भजनसंग्रह १०५:१४-१५, १२५:२ | ४ 20<br>विभिन्न विचार लिएर मण्डलीमा पहिलो पल्ट आउनुहुने प्रत्येक जो-कोही पनि परमेश्वरको वचनद्वारा परिवर्तन हुन सकून्।<br>हिब्रू४:१२-१४, इजकिएल ११:१९-२० | ११ 27<br>प्रत्येक शनिबार मण्डलीमा पहिलो पल्ट आउनुहुने सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सित्तैको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून्।<br>यूहन्ना ३:१६ | १८ 3<br>आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून्।<br>यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>Saturday | ३० 14<br>आजको आराधना सेवाबाट परमेश्वरलाई नै महिमा भएको होस्। यसैले वचन प्रचार, स्तुति प्रशंसामा पवित्र आत्माको अभिषेक मागिदिऔं।<br>२ कोरिन्थी ३:४-६ | ५ 21<br>आजको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून्।<br>प्रेरित २:४२-४७ | १२ 28<br>आजको आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसा अगुवाई गर्ने सबै जनाको लागि पवित्र आत्माको अभिषेक मागिदिऔं।<br>२ कोरिन्थी २:१४-१७ | १९ 4<br>आज नेपालभरि हुने सेवा संगतिमा पवित्र आत्माको उपस्थिति हरेकले थाहा गर्न सकून् र उहाँको नाउँ महिमित भएको होस्।<br>हितोपदेश ८:३४-३५ |

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।**

**यशैया २६:३-४**